"जुद्ध बारुण यन्त्र भक्तपुरको रहर, आगलागी जोखिम मुक्त भक्तपुर सहर"

# नेपाल सरकार

## गृह मन्त्रालय

## जुद्ध बारुण यन्त्र कार्यालय

## भक्तपुर

स्वतः प्रकाशन

२०८१ वैशाख

स्वतः प्रकाशन

नेपालको संविधानको धारा २७ मा रहेको सूचनाको हक तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशन गर्नु पर्ने व्यवस्था रहेको छ ।यसका लागी ऐनमा नै विभिन्न शिर्षकहरुको उल्लेख गरिएको छ ।

यसै कानूनी व्यवस्थाको पालनाका साथै जिल्लामा नेपाल सरकारको प्रतिनिधिका रुपमा रहेको जुद्ध बारुण यन्त्र कार्यालयले गरेका काम कारबाहीहरुको यथार्थ जानकारी आम नागरिकहरुमा होस भन्ने अभिप्रायका साथ यस कार्यालयबाट सम्पादन भएका ३ महिनाको कामको विवरण यहाँ प्रस्तुत गरिएको छ ।

जुद्ध बारुण यन्त्र कार्यालय, भक्तपुर

मितिः २०८१ वैशाख

CamScanner

विषय सुचि


१. कार्यालयको सामान्य परिचय
२. कार्यालयको काम, कार्तव्य र अधिकार
३. संगठानिक संरचना
४. कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण
५. कार्यालयबाट प्रदान गरिने सेवा
६. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी
७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
८. निर्णय गर्ने प्रक्रिया र अधिकारी
९. निर्णय उपर उजुरी सुन्ने अधिकारी
१०. सम्पादन गरेको कामको विवरण
११. सूचना अधिकारी र प्रमुखको नाम र पद
१२.कार्यालयको वेबसाइट, फेसबुक पेज, ईमेल
१३. कार्यालयमा परेको सूचना माग सम्बन्धी निवेदन तथा सूचना दिएको विषय

नेपाल सरकार
गृह मन्त्रालय
जुद्ध बारुण यन्त्र कार्यालय
भक्तपुर

१. कार्यालयको सामान्य परिचय

जुद्ध बारुण यन्त्र कार्यालय आगलागि जन्य विपद् जोखिम न्यूनिकरणको लागी नेपाल सरकार गृह मन्त्रालय अन्तर्गत स्थापित कार्यालय हो । यसको स्थापना जुद्ध शसशेरले भक्तपुरमा वि.स २००१ (सन् १९४५) मा सेवा विस्तार गरेका हुन ।उक्त समयमा जुद्ध बारुण यन्त्र कार्यालय, भक्तपुरमा रहेका बारुण यन्त्रहरुः

- Magirus Deutz, German, Model 1976, capacity: 2400 litre, (Bhaktapur -1)
- Bedford, UK, Model:1973, Capacity: 1500 litre (Bhaktapur -1)
- Dennis, UK, Model: 1945, Capacity 1,200 litre (Bhaktapur-1)

उक्त बारुण यन्त्रहरु कार्यालयमा रहेको भएता पनि हाल संचालनमा रहेको छैन ।भने हाल कार्यालयमा २ वटा पालिकाद्धारा हस्तान्तरण भएका टाटा दमकल, १ German दमकल, १ पानि टयाङकर र १ फायर बाइक संचालन हुँदै आएका छन ।यस कार्यालय जुद्ध बारुण यन्त्र, भक्तपुर जिल्ला भक्तपुर नगरपालिका १ दुधपाटिमा अवस्थित छ ।


२. कार्यालयको काम, कर्तव्य र अधिकार

जुद्ध बारुण यन्त्र कार्यालयले निम्न बमोजिम कार्यहरु गर्दै आएको छ ।

१. २४ सै घण्टा तत्पर रही आगलागी जोखिम न्यूनिकरण तथा आगलागी नियन्त्रण कार्य गर्ने,
२. पिडित व्यक्तिको आगलागी विवरणहरु प्रक्रिया पुगे लगतै तत्काल उपलब्ध गराउने,
३. आगलागी जोखिम सम्बन्धी विभिन्न नमुना कार्यक्रमहरु समय-समयमा सञ्चालन गर्ने,
४. बारुण यन्त्र सञ्चालन तथा व्यवस्थापनका आवश्यक प्राविधिक सहजिकरणको लागी विभिन्न निकायहरुले लेखि पठाएमा सहजिकरण गरिदिने,
५. बारुण यन्त्र कार्यालयको मुख्य कार्यक्षेत्र भक्तपुर जिल्लामा रहने र अन्य ललितपुर काठमाण्डौ काभ्रेमा आगलागी नियन्त्रण सम्बन्धी आवश्यक सहयोग उपलब्ध गराउने ।

CamScanner

३ संगठानिक संरचना


कार्यालय प्रमुख ना.सु- १
प्रशासन तर्फ
अग्नी नियन्त्रण तर्फ
१. सूचना अधिकारी खरिदार- १
२. सहायक लेखापाल- १
३. सहायक कम्प्युटर अपरेटर- १
४ का.स.- ३
१. फायर कमाण्डर- २
२. भारि सवारी चालक- ४
३. फायर मेन सिपाही- २१
४. किलिण्डर- २

नेपाल सरकार
गृह मन्त्रालय
जुद्ध बारुण यन्त्र कार्यालय
भक्तपुर

४ कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

| क्र. सं | पद | श्रेणी | सेवा | स्थायी दरवन्दी | पदपूर्ति | रिक्त | स्थायी कर्मचारी | करार कर्मचारी | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ना.सु | रा.प.अन.प्रथम | प्रशासन | १ | १ | ० | १ | ० | |
| २ | खरिदार | रा.प.अनं. द्बितिय | प्रशासन | १ | १ | ० | १ | ० | |
| ३ | स.क.अ. | रा.प.अनं. द्बितिय | विविध | १ | १ | ० | ० | १ | |
| ४ | स.ले.पा | रा.प.अनं. द्बितिय | लेखा | १ | ० | १ | ० | ० | |
| ५ | हवल्दार | रा.प.अनं. द्बितिय | विविध | २ | २ | ० | ० | २ | |
| ६ | भा.स.चा | श्रेणीविहिन | इन्जिनियरिङ | ४ | ४ | ० | ० | ४ | |
| ७ | किलिण्डर | श्रेणीविहिन | विविध | २ | २ | ० | ० | २ | |
| ८ | का.स. | श्रेणीविहिन | प्रशासन | ३ | ३ | ० | १ | २ | |
| ९ | फा.मे.सि | श्रेणीविहिन | विविध | २१ | १५ | ६ | ० | १५ | |

५ कार्यालयबाट प्रदान गरिने सेवाहरु

नागरिक वडापत्रमा उल्लेख भएअनुसार

नेपाल सरकार

गृह मन्त्रालय

## जुद्ध बारुण यन्त्र कार्यालय

भक्तपुर

**नागरिक वडापत्र**

| क्र.स | सेवाको विवरण | लाग्ने समय | लाग्ने शुल्क | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|
| १ | आगलागी नियन्त्रणका लागी दमकल सेवा २४ सै घण्टा तत्पर रहेको छ । यसको लागी कार्यालयको टेलिफोन नम्बर ०१-६६१००४९ वा आकस्मिक टेलिफोन नम्बर १०१ मा आगलागीका सूचना प्राप्त हुनासाथ उद्दारकर्मी घटनास्थलमा खटिएर आगलागी नियन्त्रण गरिनेछ । | | | | |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| २ | ईनार तथा पोखरिमा मानिस खसेको वा फसेको जानकारी प्राप्त हुनासाथ उद्दारकर्मी खटिएर उद्दार गरिनेछ । | सूचना प्राप्त हुनासाथ | निःशुल्क | | |
| ३ | भवितव्य आईपर्ने विपद् जोखिम जस्तै आगलागी, भुकम्प, बाढी पहिरो लगायत अन्य विपद् भएको सूचना प्राप्त भएमा तत्काले अन्य उद्दारकर्मी सँगको समन्वयमा उद्दार कार्य गरिनेछ । | | | कार्यालय प्रमुख/ सूचना अधिकारी | |
| ४ | पिडीत (सम्बन्धित व्यक्ति) ले आगलागी विवरण (Fire Report) लिन चाहेमा यस कार्यालयको प्रशासन शाखाबाट उपलब्ध गराईनेछ ।<br>आवश्यक कागजातहरुः<br>१. व्यक्तिगत निवेदन ।<br>२. रु. १० को हुलाक टिकट ।<br>३. सक्कलै प्रहरी मुचुल्का ।<br>४. सम्बन्धीत व्यक्तिको परिचय खुल्ने कागजात । | प्रक्रिया पुगेमा तत्कालै | रु. १० को टिकट | | |
| ५ | यस कार्यालयले सम्पादन गरेका सेवाहरुमा सर्वसाधारणहरुको सल्लाह, सुझाव, प्रतिक्रिया लिई गुनासो सुनुवाइ हुनेछ ।सोको लागी कार्यालयमा गुनासो सुझाव पेटिकाको व्यवस्था गरिएको छ साथै कार्यालयको टेलिफोन नम्बर ०१-६६१२३८२ वा सिधै कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ । | | | | |

६ सेवा प्रदान गर्ने निकाय र शाखा

- पिडीत (सम्बन्धित व्यक्ति) ले आगलागी विवरण (Fire Report) लिन चाहेमा यस कार्यालयको प्रशासन शाखाबाट उपलब्ध गराईनेछ ।
- यस कार्यालयको टेलिफोन नम्बर ०१-६६१००४९ वा आकस्मिक टेलिफोन नम्बर १०१ मा आगलागीका सूचना प्राप्त हुनासाथ अग्नी नियन्त्रण तर्फका कर्मचारीहरु घटनास्थलमा खटिएर आगलागी नियन्त्रण गरिनेछ ।
- अन्य नागरिक बडापत्रमा उल्लेख भए बमोजिम रहने ।

७ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र समय अवधि

नागरिक वडापत्रमा उल्लेख भएबमोजिम निःशुल्क

८ निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

- आवश्यक प्रमाण कागजातहरु, तोकिएको कानूनी प्रक्रिया पुरा गरी तोक आदेश मार्फत

CamScanner

- कार्यालय प्रमुख, सूचना अधिकारी

९ निर्णय उपर उजुरी सुन्ने अधिकारी

- सूचना अधिकारीले गरेको निर्णय उपर कार्यालय प्रमुखले,
- कार्यालय प्रमुखले गरेको निर्णय उपर गृह मन्त्रालयले,
- प्रचलित कानूनले तोकेको भए सोहि बमोजिम ।

१० सम्पादन गरेको कामको विवरण

१. कार्यालयको नियमित बैठक तथा कार्यालय व्यवस्थापन सम्बन्धी आवश्यकता अनुरुप बैठक बसी विभिन्न निर्णयहरु गरी कार्यान्वयनमा ल्याइएको ।

२. आ.व. ०८०/०८१ को श्रावण महिना देखि चैत्र महिनासम्म भक्तपुर जिल्ला तथा बाहिरि जिल्लामा गरि जम्मा ७९ वटा आगलागीका घटनाहरु घटेकोमा बारुण यन्त्र समयमै पुगी आगलागी नियन्त्रण गर्न सफल भएको ।

**आगलागी रिपोर्ट- २०८०/०८१**

| महिना | करेन्ट | अचानक | ग्यास | जम्मा |
|---|---|---|---|---|
| २०८० श्रावण | ७ | २ | १ | १० |
| २०८० भाद्र | १ | २ | ० | ३ |
| २०८० आश्विन | ३ | ० | ० | ३ |
| २०८० कार्तिक | ४ | १ | २ | ७ |
| २०८० मंसिर | १ | ३ | ० | ४ |
| २०८० पौष | ५ | ५ | ० | १० |
| २०८० माघ | ० | ४ | ३ | ७ |
| २०८० फागुन | ० | २ | १२ | १४ |
| २०८० चैत्र | ८ | १३ | ० | २१ |
| जम्मा | | | | ७९ |

३. मिति २०८० भाद्र २२ गते निजामति सेवा दिवसको उपलक्ष्मा कार्यालय परिसर सरसफाई गरी कार्यक्रम सम्पन्न गरिएको ।

४. मिति २०८० असोज १६ गतेबाट कार्यालय प्रमुखको जिम्मेवारी लिई आउनु भएको ना.सु श्री अनिल सुवेदीलाई कार्यालयमा स्वागत गरिएको ।

CamScanner

५. कार्यालयमा फायरमेन सिपाहि पद १ रिक्त रहेकोमा नियुक्तिको लागी विज्ञापन खुलाई प्रतिसपर्धाबाट योग्यताक्रम निकाली प्रथम योग्यताक्रम भएको निवेदकलाई मिति २०८०/०९/०१ गते देखि लागू हुने गरी रिक्त पद पूर्ति गरियो ।

६. पौष महिनामा यस कार्यालयमा कार्यरत अग्नी नियन्त्रण तर्फका कर्मचारीहरुको लागी कार्यालय भित्रै पुनर्ताजकी तालिम सञ्चालन गरियो ।

७. खोटाङ जिल्ला खोटेहाङ गाउँपालिकाबाट बारुण यन्त्र संचालन तथा व्यवस्थापन सम्बन्धी प्राविधिक सहजिकरण तालिमको लागी लेखि आए बमोजिम यस कार्यालयका कर्मचारीहरु गई मिति २०८०/०९/१८-२२ गते सम्म ५ दिने तालिम प्रदान गरियो ।

८. यस कार्यालयमा कार्यरत करार तर्फका कर्मचारीहरुको २०८० पौष मसान्त सम्म बाट करार अवधि सक्किएकोमा पुनः सोहि कर्मचारहरुलाई २०८१ अषाढ मसान्त सम्मको लागी करार म्यद थप गरियो ।

९. मिति २०८०/१०/०२ गते २६ औ राष्ट्रिय भुकम्प सुरक्षा दिवसको दिन जिल्ला विपद् व्यवस्थापन समितिको तर्फबाट राखिएको खोज तथा उद्धार सामाग्रीको स्तल प्रदर्शनमा सहभागिता जनाइयो ।

१०. जिल्ला स्थित विभिन्न कार्यालय संगको समन्वयमा आवश्यक छलफल गरी बारुण यन्त्र चुस्त दुरुस्त राखे निर्णय गरियो ।

११. जिल्ला प्रशासन कार्यालय तथा अन्य माथिल्लो निकायबाट आएका निर्देशनहरु पालन गरि कार्यान्वयन गरियो ।

१२. मिति २०८०/११/१६ गतेका दिन सूर्यविनायक नगरपालिका र चाँगुनारायण नगरपालिकाबाट साझेदारीमा खरिद गरी बारुण यन्त्रबाट संचालन रहेको दमकल संचालन सम्बन्धी समन्वय बैठक सम्पन्न गरियो ।

१३. मिति २०८०/१२/१८ गते सूर्यविनायक नगरपालिकाको श्री महेद्र शान्ती निकेतनमा र मिति २०८०/१२/२५ गते सूर्यविनायक नगरपालिकाको श्री जोरपाटी माबिमा आगलागी सम्बन्धी जनचेतनामूलक कार्यक्रम (डेमो) संचालन गरी कार्यक्रम सम्पन्न गरीयो ।

११ सूचना अधिकारी र प्रमुखको नाम र पदः

- कार्यालय प्रमुख(ना.सु) -अनिल सुवेदी
- सूचना अधिकारी(खरिदार) -गोर्ख बहादुर दर्लामी मगर

१२ कार्यालयको वेबसाइट, फेसबुक पेज, ईमेलः

CS CamScanner

- वेबसाइटः https://juddhabarunbkt.moha.gov.np/
- फेसवुक पेजः Juddhabarunyantra Bhaktapur
- ई-मेलः juddhabarunbkt@gmail.com

१३ कार्यालयमा परेको सूचना माग सम्बन्धी निवेदन तथा सूचना दिएको विषय

नभएको

CamScanner